# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय कुश्मा, पर्वत

## सातौं वार्षिक साधारण सभाको निर्णय तथा कारबाही विवरण

१. **वैधानिक सभाः**

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०८ गते बसेको ११९औं बैठकको निर्णय बमोजिम आह्वान गरिएको सातौं वार्षिक साधारण सभा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूको अध्यक्षतामा कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ अनुसार विधिपूर्वक सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समयः**

२.१ मितिः २०८२/०९/३० गते बुधबार, तदनुसार जनवरी १४, २०२६

२.२ स्थानः रोयल कुश्मा रिसोर्ट, कुश्मा, पर्वत

२.३ समयः दिनको ११.३० बजे

३. **साधारण सभा सम्बन्धी सूचनाः**

३.१ मिति २०८२/०९/०८ गते बसेको सञ्चालक समितिको ११९औं बैठकले वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा मिति २०८२/०९/३० मा बोलाउने निर्णय गरे अनुसार कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ को दफा ६७ (२) अनुसार साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयवस्तुहरु सहितको विवरणहरु खुलाई मिति २०८२/०९/०९ गते र मिति २०८२/०९/१५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सूचना प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सातौं वार्षिक साधारण सभाको बारेमा जानकारी गराईएको थियो ।

३.२ उल्लिखित साधारण सभा सम्बन्धी जानकारीको सूचना वित्तीय संस्थाको Website मा राखिएको थियो र सामाजिक सञ्जालबाट समेत सभा सञ्चालनको बारेमा जानकारी गराइएको थियो ।

४. छलफलका विषय सूचीहरु

**क. सामान्य प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) संस्थापक समूहका सञ्चालकको नियुक्तिको अनुमोदन गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्तावः**

१) यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग) विविध ।**

**५. सभाको सञ्चालनः**

सभाको कार्यक्रम सञ्चालन कम्पनी सचिव श्री कमल प्रसाद शर्माले गर्नु भयो ।

**६. आशन ग्रहणः**

संभामा उपस्थित रहनु भएका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत लगायतका महानुभावहरुलाई मञ्चमा आशन ग्रहण गराइयो ।

**७. सभाको अध्यक्षताः**

कम्पनी (पहिलो संशोधन) ऐन, २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम वार्षिक साधारण सभाको अध्यक्षता वित्तीय संस्थाका सञ्चालक समितिको अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूले गर्नु भयो भने सभाको काम कारबाही अगाडि बढाउन कम्पनी सचिव श्री कमल प्रसाद शर्मालाई अनुमति प्रदान गर्नु भयो ।

८. **गणपुरक संख्याः**

कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालनको लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व र कम्तीमा तीन जना शेयरधनीहरुको उपस्थिति हुनुपर्नेमा सातौं वार्षिक साधारण सभामा कुल शेयर संख्याको ५६.५२ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ३२ जना शेयरधनी/शेयरधनी संस्थाको प्रतिनिधिहरुको सभामा उपस्थिति रहेको हुनाले सभामा गणपूरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको बेहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

९. **स्वागत मन्तव्यः**

वित्तीय संस्थाका सञ्चालक श्री रत्न प्रसाद अधिकारीज्यूले सभामा उपस्थित वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, शेयरधनी एवं उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्नुको साथै वित्तीय संस्थाको वर्तमान स्थितिको वारेमा जानकारी गराउनु भयो ।

१०. **सभाको शुभारम्भः**

सभाका अध्यक्ष एवं वित्तीय संस्थाका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूले पानसमा बत्ती बालेर साधारण सभाको शुभारम्भ गर्नु भयो ।

११. **उपस्थितिः**

११.१ **सञ्चालक (कम्पनी (पहिलो संसोधन) ऐन, २०६३ को दफा ६८ अनुसार)**

| | |
|---|---|
| क) श्री सावित्री खत्री क्षेत्री लामिछाने | अध्यक्ष |
| ख) श्री रेशम बहादुर खत्री | सञ्चालक |
| ग) श्री विश्व कुमार विजुक्छे | सञ्चालक |
| घ) श्री रत्न प्रसाद अधिकारी | सञ्चालक |
| ङ) श्री दुर्गा बहादुर शाह | सञ्चालक |
| च) श्री एन्जल श्रेष्ठ | सञ्चालक |

११.२ **वित्तीय संस्थाका पदाधिकारी**

| | |
|---|---|
| क) श्री अशोक कुमार आचार्य | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री युधिष्ठिर भुसाल शर्मा | बरिष्ठ प्रबन्धक |
| ग) श्री नारायण प्रसाद प्रसाई | प्रबन्धक |
| घ) श्री कमल प्रसाद शर्मा | सहायक प्रबन्धक/कम्पनी सचिव |
| ङ) श्री उत्तम प्रसाद अधिकारी | सहायक प्रबन्धक |
| च) श्री इश्वरी प्रसाद शर्मा | सहायक अधिकृत |
| छ) श्री अनिता सोती | कनिष्ठ अधिकृत प्रथम |
| ज) श्री खिममाया पाईजा गिरी | कनिष्ठ अधिकृत तृतीय |

११.३ अन्य उपस्थिति

क) श्री प्रेम प्रसाद पौडेल — महासचिव, नेष्डो नेपाल (संस्थागत प्रतिनिधि)

ख) श्री लालकान्त चापाई — संस्थागत प्रतिनिधि, प्रभु बैंक लिमिटेड

**१२ शेयरधनीहरुको उपस्थितिः**

वित्तीय संस्थाको सभामा उपस्थित हुन पाउने कुल शेयरधनी संख्या ४०,४१९ जना रहेकोमा सभामा निम्न बमोजिमको उपस्थिति रह्यो ।

| विक्री भएको कुल शेयर संख्या ( कित्ता) | शेयर संख्या (संस्थापक समूह "क") | शेयर संख्या ( सर्वसाधारण समूह "ख") | उपस्थित शेयर संख्या "क" | उपस्थित शेयर संख्या (ख) | जम्मा उपस्थिति ( क र ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २९,१३,३७५ | १९,६६,५२८ | ९,४६,८४७ | २३ जना शेयरधनी/ प्रतिनिधि -शेयर कित्ता १६,४५,१९० | ९ जना शेयरधनी/ प्रतिनिधि - शेयर कित्ता १,५८१ | ३२ जना शेयरधनी/ प्रतिनिधि -शेयर कित्ता १६,४६,७७१ | ५६.५२ प्रतिशत |

**पुनश्चः**

- शेयरधनी स्वयं उपस्थित संख्या ३२ जना, शेयर कित्ता १६,४६,७७१ र शेयरको प्रतिनिधित्व ५६.५२ प्रतिशत

**१३. छलफलमा सहभागी शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरुः**

सभामा प्रस्तुत प्रस्तावहरु उपर मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भएमा छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुलाई अध्यक्षको निर्देशनमा कम्पनी सचिवले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई निम्नानुसारको टिप्पणी, जिज्ञासा, सुझावहरु प्रस्तुत गर्नु भयो ।

**१३.१ शेयरधनी श्री शान्ती नारायण श्रेष्ठ**

क) पत्र सहित वार्षिक प्रतिवेदन पठाउनु भएकोमा राम्रोसँग अध्ययन गर्ने अवसर प्राप्त भयो ।

ख) आगामी वर्ष संस्थालाई नाफामा ल्याई शेयरधनीहरुलाई लाभांस दिन व्यवस्थापनलाई सुझाव गर्दछु ।

**१३.२ शेयरधनी श्री ओम प्रसाद उपाध्याय**

क) संस्थाको खराब कर्जा बढी देखिएको हुँदा सोलाई घटाउन व्यवस्थापनको ध्यानाकर्षण गराउन चाहान्छु ।

ख) यस पाली समयमै संस्थाको साधारण सभा सम्पन्न गर्नु भएकोमा धन्यवाद दिंदै आगामी दिनमा समेत समयमै साधारण सभा गर्नु होला ।

**१३.३ शेयरधनी महानुभावहरुबाट आएका जिज्ञासा एवं महत्वपूर्ण सुझावहरु उपरको जवाफः**

क) शेयरधनीहरुबाट आएको जिज्ञासा उपर वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष एवं सभाका सभाध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछाने र प्रमुख कार्यकारी अधिकृत श्री अशोक कुमार आचार्यले देहाय बमोजिमको जवाफ दिनु भयो ।

- यस पाली देखि प्रतिवेदन समयमै छापेर शेयरधनीहरुलाई अगाडी नै उपलब्ध गराईएको र आगामी दिनमा समेत सोलाई निरन्तरता प्रदान गरिनेछ ।
- वित्तीय संस्थाको हाल निष्क्रिय कर्जा केही बढी देखिएको र सोलाई घटाउनका लागि ठोस् कार्ययोजना बनाई कार्य गरिने र वित्तीय संस्थालाई नाफामा ल्याई लाभांस वितरण गर्ने इमानदारी प्रयास गर्नेछौं ।
- आगामी वर्ष पनि समयमै लेखापरीक्षण सम्पन्न गरी पुष मसान्त अगाडी नै संस्थाको साधारण सभा सम्पन्न गर्नेछौं ।

**१४. छलफलको समाप्तीः**

शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु भए पछि शेयरधनीहरुबाट थप जिज्ञासा र थप प्रश्न नआएकोले सभा सञ्चालकले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

**१५. पारीत प्रस्तावहरुः**

**क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव स्वीकृतिका लागि सभा समक्ष प्रस्तुत गरियो । यस प्रस्ताव उपर छलफल हुँदा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले पेस गर्नु भएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, २०८१ साउन १ गते देखि २०८२ असार मसान्त सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु स्वीकृत गर्ने प्रस्ताव स्वीकृतिका लागि सभा समक्ष प्रस्तुत गरियो । यस प्रस्ताव उपर सभामा छलफल हुँदा वित्तीय संस्थाका लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु सर्वसम्मतिले पारित भयो ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव निर्णयार्थ सभा समक्ष प्रस्तुत गरिएकोमा मिति २०८२ पुष २९ गते बसेको लेखापरीक्षण समितिको बैठक तथा मिति २०८२ पुष ३० गते विहान ८.०० बजे बसेको सञ्चालक समितिको बैठकको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरण (एन.एफ.आर.एस.अनुसार) तथा सोसँग सम्बन्धित अनुसूचीहरु सहित लङफर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणित र संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन तयार गरे वापत प्रचलित कर (भ्याट) सहित रू. ४,५२,०००/- (अक्षरेपि चार लाख वाउन्न हजार रुपैया मात्र) शुल्क साथै लेखापरीक्षण गर्ने क्रममा लाग्ने यातायात, खाना, खाजा तथा आवास खर्चहरु (यथार्थ बिल बमोजिम) वित्तीय संस्थाले बेहोर्ने गरी आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न श्रेष्ठ एण्ड न्यौपाने एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाडौंलाई लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४. सञ्चालक समितिको मिति २०८२ भदौ १८ गते सम्पन्न भएको ११२औं बैठकबाट संस्थापक शेयरधनी नेष्डो नेपालले आफ्नो संस्थागत प्रतिनिधिको रुपमा पोखरा महानगरपालिका, वडा नं. ८, कास्की निवासी नागरिकता प्रमाणपत्र नं. १००१/१२५६१ भएका श्री विश्व कुमार विजुक्छेलाई बाँकी अवधिको लागि वित्तीय संस्थाको सञ्चलक नियुक्ति गरेको र सो सञ्चालक नियुक्ति गरेको प्रस्ताव अनुमोदनका लागि सभा समक्ष पेस गरिएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ख) **विशेष प्रस्तावहरुः**

१. यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभा समक्ष प्रस्ताव पेस गरियो । उक्त प्रस्ताव उपर छलफल हुँदा यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको अन्य लघुवित्त वित्तीय संस्थाहरुसँग गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिशन) सम्बन्धमा आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

१६ **धन्यवाद ज्ञापन सहित सभाको समापनः**

वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूले सातौं वार्षिक साधारण सभामा उपस्थित भई जिज्ञासा, टिप्पणी तथा अमूल्य सुझावहरु दिनु भई संस्थाको भावी रणनीति, योजना तथा कार्यदिशा तय गर्न समिति र व्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरिदिनु भएकोमा शेयरधनीहरुमा कृतज्ञता प्रकट गर्नु भयो । साथै, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सि.डि.एस. एण्ड क्लीयरिङ लिमिटेड, ग्लोबल आईएमई क्यापिटल लिमिटेड सहित प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा संस्थालाई सहयोग गर्नु हुने सम्पूर्ण प्रति आभार प्रकट गर्नु भयो । सफलतापूर्वक वित्तीय संस्थाको

वार्षिक साधारण सभा सञ्चालनमा सहयोग गर्नु हुने व्यवस्थापन र समस्त कर्मचारीहरुमा समेत धन्यवाद प्रकट गर्नु भयो ।

अन्त्यमा,

पूर्व निर्धारित विषयसूचीहरु उपरको छलफलको क्रम समाप्त भएकोले सभाका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूले सभामा प्राप्त सुझावहरुलाई कार्यान्वयनका लागि आवश्यक नीति नियम तर्जुमा गर्ने र वित्तीय संस्थाले शेयरधनी, ग्राहक एवं कर्मचारीहरुको अधिकतम हितलाई ध्यानमा राखेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै सातौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

(कमल प्रसाद शर्मा)
कम्पनी सचिव

(एन्जल श्रेष्ठ)
सञ्चालक

(दुर्गा बहादुर शाह)
सञ्चालक

(विश्व कुमार विजुक्छे)
सञ्चालक

(रेशम बहादुर खत्री)
सञ्चालक

(रत्न प्रसाद अधिकारी)
सञ्चालक

(सावित्री खत्री क्षेत्री लामिछाने)
अध्यक्ष, सञ्चालक समिति